# नेपालमा पोल्ट्रीको अवस्था



त्रिलोचन कँडेल
उपाध्यक्ष, चितवन उद्योग सङ्घ

## परिचय

नेपालको कृषि पेसा क्रमिक रूपमा व्यावसायीकरण र आधुनिकीकरण बन्दै गएको छ भने देशको कुल रोजगारीको करिब ६६ प्रतिशत क्षेत्र कृषिक्षेत्रले ओगटेको पाइन्छ । देशको कुल गार्हस्थ्य उत्पादनमा कृषिक्षेत्रले करिब ३३.७ प्रतिशत योगदान दिएको छ । कृषिपेसामध्ये पोल्ट्री, मह, केरा, पुष्प, मत्स्य आदि क्षेत्रले देशको आर्थिक क्षेत्रमा गुणात्मक फड्को मार्दै गइरहेको छ । नेपालमा आधुनिक पोल्ट्री व्यवसायको सुरूवात वि.सं.२०१५ सालमा तत्कालीन सरकारले न्यु ह्याप्सार, अर्स्टोर्लोप जातका प्यारेन्ट आयात गरी बारा जिल्लाको परवानीपुरमा सेन्ट्रल ह्याचरीबाट चल्ला उत्पादन गरी देशका मुख्य सहरहरू काठमाडौँ, सुनसरी, पोखरा र नेपालगन्जबाट चल्ला बिक्रीवितरण गर्ने कार्यको थालनी भयो । नेपाल सानो देश भएका कारण दुई छिमेकी ठुला राष्ट्रहरूको भन्दा भिन्न प्रकारको अन्डा उत्पादन गर्न सकेको खण्डमा मात्र देशलाई फाइदा पुग्ने महसुस गरी तत्कालीन प्रधानमन्त्री स्व. बी. पी. कोइरालाले बेलायतबाट खैरो रङ्गका अन्डा दिने जातको प्यारेन्ट आयात गर्ने निर्णय गरी २०१७ साल वैशाख/ जेठताका १००० न्यु ह्यप्सार जातका कुखुरा नेपाल भित्रिए । नेपालमा २०१७ पौष १७ गते बारा जिल्लाको परवानीपुरमा सरकारी तहबाट सञ्चालित सेन्ट्रल ह्याचरीको समुद्घाटनपश्चात् आधुनिक पोल्ट्रीको सुरूवात भएको मानिन्छ । २०१७ सालदेखि हालसम्मको अवस्थामा आइपुग्दा नेपालका पोल्ट्री व्यवसायीहरूले अनेक आरोहअवरोह पार गर्दै चल्ला, अन्डा, कुखुराको मासु र दानामा आत्मनिर्भर व्यवसायको रूपमा विकास भएको छ ।

कृषिप्रधान देश नेपालको एक मात्र आत्मनिर्भर व्यवसाय पोल्ट्रीमा क्रमशः आधुनिकीकरण र व्यावसायीकरण हुँदै गइरहेको छ । देशको कुल ग्राईस्थ्य उत्पादनको करिब ४ प्रतिशत योगदान पोल्ट्री क्षेत्रले दिएको छ भने करिब एक लाख ५० हजार व्यक्तिलाई रोजगारी प्रदान गर्दै आइरहेको छ । नेपालमा यातयातको सुविधा पुगेका र मौसमअनुकुल रहेका प्रायः जिल्लाहरूमा कुखुरापालन व्यवसाय सञ्चालन र विकास हुँदै गइरहेको छ । हाल नेपालमा करिब प्रतिहप्ता १,२०,००० गोटा लेयर्स चल्ला, दैनिक ३० लाख गोटा अन्डा, प्रतिहप्ता २५ लाख गोटा ब्रोइलर चल्ला, दैनिक ३००० मे. टन दाना उत्पादन र दैनिक आठ लाख ५० हजार के.जी. कुखुराको मासु खपत भइरहको छ । कुखुरापालन व्यवसायमा चितवन अग्रणी जिल्ला मानिन्छ । सरकारी तथ्याङ्कअनुसार नेपालको कुल पोल्ट्री व्यवसायमध्ये अन्डामा ६० प्रतिशत हिस्सा चितवन जिल्लाले ओगटेको छ । यस जिल्लाले पोल्ट्री क्षेत्रको विकाससँगै मानवशरीरका लागि आवश्यक पर्ने सबैभन्दा सस्तो मूल्यमा प्रोटिन र भिटामिनले पूर्ण कुखुराको मासु र अन्डा उपलब्ध गराउँदै आइरहेको छ । त्यसै गरी पोल्ट्रीबाट निस्कने सुलीले कृषिको उत्पादकत्व बढाउनुका साथै रासायनिक मलको आयातलाई समेत प्रतिस्थापन गरी देशको मुद्रा बिदेसिनबाट जोगाई आर्थिक क्षेत्रमा समेत योगदान पुऱ्याइरहेको छ । परापूर्व कालमा विभिन्न धार्मिक आस्थाका आधारमा कुखुरापालन व्यवसाय सञ्चालन, कुखुराको मासु र अन्डाको उपभोग सीमित क्षेत्रमा मात्र निहित रहेकोमा मानवस्वास्थ्यका हिसाबले सेतो मासुको उपभोग गर्न चिकित्सकहरूबाट समेत सिफारिस हुन थालेपछि नेपालीहरूको बानी दिनप्रतिदिन सस्तो र पोषणयुक्त कुखुराको मासु र अन्डा उपभोग गर्नेतर्फ केन्द्रित हुँदै गएको छ । आज



बहुसङ्ख्यक नेपाली बालबच्चाहरूले मात्र कुखुराको परिकार उपभोग गर्न रूचाउने गरेका छन् । पोल्ट्रीक्षेत्रलाई समयसँगै आधुनिकीकरण गर्दै प्रविधियुक्त बनाउनु आजको आवश्यकता हो । हिजो यो व्यवसाय धार्मिक आस्था तथा सामाजिक मान्यताका आधारमा व्यावसायिक बनाउन नसक्दा सस्तो पोषणबाट बहुसङ्ख्यक नेपाली विमुख हुन परेको यथार्थताबाट आज यस व्यवसायले आम नेपालीलाई सस्तो पोषण उपलब्ध गराएको कारण बहुसङ्ख्यक नेपालीहरूले स्वीकार गरेको आजको यथार्थता हो । यस्तो यथार्थताका बावजुद हामी संसारका अन्य मुलुकको दाँजोमा हाम्रो उत्पादनलाई प्रतिस्पर्धी बनाउन सकिरहेका छैनौँ । नेपालको कुखुरापालन व्यवसायमा आधुनिक प्रविधिअनुसार वातावरण अनुकूलित खोरहरू, ह्याचरीहरू र उच्च गुणस्तरीय पेलेट दाना उत्पादन सुरूवात भएको छ ।

हाम्रो व्यवसायले प्रतिस्पर्धी बन्न नसकिरहेको अवस्थामा राष्ट्रिय खपत बढाउनु, स्वदेशी कच्चा पदार्थको व्यवस्थापन गर्नु, स्वदेशी अनुसन्धानबाट प्रतिपादित प्राविधिकयुक्त व्यवसाय बनाउनु र पूर्ण रूपमा यस व्यवसायलाई आत्मनिर्भर बनाउनु आजको आवश्यकता रहेको छ । नेपाललाई सन् २०२२ सम्ममा राष्ट्र सङ्घद्वारा परिभाषित 'अति कम विकसित' राष्ट्रबाट स्तरोन्नति गर्ने दीर्घकालीन सोचलाई केन्द्रविन्दुमा राखेर तर्जुमा गरिएको वार्षिक विकास कार्यक्रमले नेपालको आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका खेल्नेछ भनी आशा एवम् विश्वास गरिएको छ ।

नेपाल सरकारले देशको भौगोलिक परिवेश, उपलब्ध प्रविधि, आन्तरिक तथा बाह्य बजारले उपलब्ध गराएका अवसरहरू, कृषकको चाहना तथा अनुभव, खाद्य तथा पोषण सुरक्षाको अवधारणा, राष्ट्रिय कृषिनीतिलगायतका कृषिक्षेत्रका नीतिगत व्यवस्थाहरूको आधारमा कार्यक्रमहरू तर्जुमा एवं प्राथमिकीकरणमा राखेको पाइन्छ । कृषिक्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूति गर्न सामूहिक, सामुदायिक र सहकारी खेतीलाई व्यवसायीकरण गर्दै हालको आयातमुखी अर्थ व्यवस्थालाई आयात प्रतिस्थापन गर्दै क्रमशः निर्यातमुखी बनाउन योगदान गर्नु कृषिविकास कार्यक्रमको मुख्य उद्देश्य रहेको देखिन्छ । पशुपालन व्यवसायलाई विविधीकरण, व्यवसायीकरण, आयमूलक तथा सम्मानित पेसाको रूपमा विकास गरी राष्ट्रिय उत्पादनमा योगदान पुऱ्याउने उद्देश्य रहेको देखिन्छ ।

पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी यसको सन्तुलित सेवनबाट कुपोषणको समस्या हटाउने । ग्रामीण अर्थतन्त्रलाई टेवा पुऱ्याउन र क्षेत्रीय सन्तुलन कायम गर्न पशुपालन व्यवसायलाई विशेष ध्यान दिने पशुपक्षीपालनबाट गरिब तथा सामाजिक दृष्टिकोणबाट पिछडिएको वर्ग र महिलावर्गको आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याउन विशेष योगदान पुऱ्याउने ।

उन्नत पशुपालन पेसालाई कृषक परिवारको प्रमुख आयस्रोतको रूपमा विकास गरी वातावरण संरक्षण तथा सन्तुलन कायम गर्न सहयोग पुऱ्याउने ।

पशुपक्षी उत्पादन क्षेत्र र सम्बन्धित उद्योग र व्यापारलाई प्रोत्साहन गरी स्वरोजगारको अवसरमा वृद्धि ल्याउने ।

खाद्यान्नलगायत दुध, माछा, मासु, अन्डा, फलफूल र तरकारीको आयात प्रतिस्थापनमा सघाउ पुऱ्याउन मलखाद, उन्नत बिउबिजन, बेर्ना, उन्नत पशुनस्ल, मत्स्य भूरालगायतका उत्पादन सामग्रीहरू र कृषि यन्त्र/औजार, सिँचाइ, बजार पूर्वाधार तथा बजार सूचनाप्रणालीलगायतका पूर्वाधारमा अनुदानको व्यवस्था गरी उत्पादन तथा उत्पादकत्व वृद्धिका कार्यक्रम सञ्चालनलाई विशेष प्राथमिकता दिइएको पाइन्छ । नेपाल सरकारले आ.व. २०७३।०७४ मा अन्डामा, २०७४।२०७५ मा मासुमा र २०७५।२०७६ मा दुधमा आत्मनिर्भर हुने राज्यले घोषणा गरेको भए तापनि चल्ला, अन्डा, मासु र दानामा आत्मानिर्भर भइसकेको अवस्था रहेको छ ।

**पोल्ट्री क्षेत्रको वर्तमान अवस्था** :

नेपालमा परम्परागत रूपवाट सञ्चालन भएको कुखुरापालन व्यवसाय दिनप्रतिदिन उच्च र आधुनिक प्रविधितर्फ उन्मुख हुँदै गएको छ । नेपालमा हाल दैनिक करिब २५ लाख गोटा अन्डा, प्रतिहप्ता १ लाख २० हजार गोटा लेयर्स चल्ला र २५ लाख गोटा ब्रोइलर चल्लाहरू, दैनिक २७ सय मे.टन दाना, ८ लाख के.जी. कुखुराको मासु उत्पादन भएको अनुमान गरिएको छ । पेसाले आयात प्रतिस्थापन गर्दै आम देशवासीहरूलाई सबैभन्दा सस्तो मूल्यमा गुणस्तरीय र पोषणयुक्त खाद्यन्न मासु र अन्डा उपलब्ध गराएको छ । प्रत्यक्ष रूपमा १ लाख ५० हजार व्यक्तिलाई रोजगारी दिँदै बेरोजगारी न्यूनीकरणमा समेत सहयोग पुऱ्याएको छ । पोल्ट्रीक्षेत्रको विकासले गर्दा विदेशबाट आयात हुने करोडौँ रूपैयाँको मलको आयात प्रतिस्थापन हुँदै कुखुराको सुलीबाट जग्गाको उर्वराशक्तिमा समेत सहयोग पुगेको छ । २०५०।०५१ मा प्रतिव्यक्ति अन्डा १३ गोटा र प्रतिव्यक्ति कुखुराको मासु ५०० ग्राम रहेकोमा यो दुई दशकमा प्रतिव्यक्ति अन्डा ४१ गोटा करिब र मासु ४.१ के.जी. पुगेको छ । नेपालको कुल पोल्ट्रीमा चितवन जिल्लाको सबैभन्दा बढी योगदान रहेको छ । अन्डा उत्पादन करिब ६० प्रतिशत, ब्रोइलर चल्लामा ४० प्रतिशत, ब्रोइलर कुखुरापालनमा ३० प्रतिशत र दाना उत्पादनमा २२ प्रतिशत योगदान चितवन जिल्लाको रहेको छ ।

**पोल्ट्रीक्षेत्रका समस्या** :

नेपालको पोल्ट्रीक्षेत्र अत्यन्त संवेदनशील रहेको छ । सन् २००३ अर्थात् वि. सं. २०६२ सालदेखि विश्वका विभिन्न भागहरू र नेपालमा देखापरेको बर्ड फ्लु, भूकम्प, भारतले गरेको अघोषित नाकाबन्दीका कारणसमेत पोल्ट्रीव्यवसाय अत्यन्त प्रभावित भयो । त्यसै गरी विभिन्न राजनैतिक पार्टी, सङ्घसंस्थाहरू र समूहहरूले विभिन्न माग राखी गरिने आन्दोलन, बन्द, हड्ताल, नाकाबन्दी जस्ता गतिविधिहरूबाट समेत यो व्यवसाय प्रभावित हुँदै आइरहेको छ ।

नेपालको पोल्ट्री व्यवसायलाई अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धी बनाउनुपर्ने आजको आवश्यकता रहेको छ । हाम्रा उत्पादनहरूको लागत मूल्य विदेशी उत्पादनको भन्दा बढी परिरहेको छ; त्यो घटाउन जरूरी छ । हाम्रा उत्पादनहरूलाई थप गुणस्तरीय बनाउनु आवश्यक छ । पोल्ट्रीउपजहरूको बजारीकरण गर्न सकिरहेको छैन, पोल्ट्रीजन्य उत्पादनमा लाग्ने कुल लगानीमध्ये ८० प्रतिशत खर्च दानामा लाग्ने गर्दछ । दानामा लाग्ने कच्चा पदार्थ मकै र भटमासको पिनामा मात्र ७० प्रतिशत भूमिका रहन्छ । दानाका लागि आवश्यक पर्ने मुख्य कच्चा पदार्थ मकै र भटमासमा आत्मनिर्भर बन्न सकिएको छैन, हालसम्म पनि ५० प्रतिशत मकै

र शतप्रतिशत भटमास विदेशबाट आयात गर्नुपरेको छ । मकै र भटमासको उत्पादन बढाउन सरकारको सकारात्मक सोच हुनु पर्दछ । युवाहरू रोजगारीका लागि विदेश पलायन भएका छन, तराई, पहाडका जग्गाहरू बाँझो भएका छन् । बिजुली, सडक र सिँचाइको विकास गरी भूमिसम्बन्धी ऐन बनाएर कृषिउत्पादनमा युवाहरूलाई आकर्षण गराएर विदेश जानबाट रोकेर स्वदेशमा रोजगारी सिर्जना गरी पोल्ट्री व्यवसायको उत्पादनलागत घटाउन नेपाल सरकारले अविलम्ब योजना तर्जुमा गरी कार्यान्वयन गर्नु आवश्यक देखिन्छ । यातायातको पहुँच पुगेका स्थानहरूमा पोल्ट्रीव्यवसाय फैलँदै गएको छ । पोल्ट्री र पोल्ट्रीजन्य पदार्थहरूको परीक्षण गर्नका लागि साधन र स्रोत सम्पन्न प्रयोगशालाहरूको स्थापना र विकास हुन सकेको छैन । देशको खुला सीमाका कारण अवैध रूपमा भारतीय सीमा नाकाहरूबाट पोल्ट्रीजन्य वस्तुहरू लुकीछिपी आयात भइरहेका छन्, पोल्ट्रीव्यवसायलाई आधुनिकीकरण गर्नका लागि ठुलो लगानी गर्नु पर्ने अवस्था छ । यावत् समस्याहरूका बावजुद पोल्ट्रीव्यवसायीहरूले अथक प्रयास स्वरूप आज देश कृषिक्षेत्रमा एक मात्र आत्मनिर्भर व्यवसायको रूपमा विकास भएको छ । भरखर आत्मनिर्भर बन्न लागेको पोल्ट्रीव्यवसाय क्षेत्रमा वैदेशिक लगानी भित्रिनुहुँदैन भन्ने पोल्ट्री व्यवसायीहरूको मान्यता रहँदै आएको छ ।

नेपालको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान दिइरहेको पोल्ट्री क्षेत्रलाई समयसँगै आधुनिकीकरण गर्दै प्रविधियुक्त बनाउँदै लैजानु आजको आवश्यकता हो । नेपालको उत्पादन छिमेकी विकसित राष्ट्रहरूको दाँजोमा निकै कम हो । आजको विकसित युगमा प्रविधिले मात्रै प्रतिस्पर्धी बनाउँछ भन्ने हामीलाई लागेको छ । त्यस कारण उन्नत प्रविधि आयात र उन्नत प्रविधिको विकास आजको आवश्यकता हो । नयां प्रविधि आयातमा निजी क्षेत्रको लगानी अति धेरै हुने हुँदा यस्ता प्रविधि आयातमा सरकारले अनुदान दिनुपर्दछ भन्ने हामीलाई लाग्दछ । आधारभूत संरचनानिर्माणमा अन्य कृषिव्यवसायहरूलाई दिइएको हिसाबले पनि यस व्यवसायको आधारभूत संरचनामा अनुदान जरूरी छ जसले हाम्रा उत्पादनलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउन सहज हुनेछ ।

नेपालको पोल्ट्रीव्यवसायको समग्र विकासका लागि निम्न कार्यहरू नितान्त जरूरी देखिएको छ :

कृषिक्षेत्रको आत्मनिर्भर एक मात्र व्यवसाय पोल्ट्रीक्षेत्रको बजारीकरण र बजार प्रवर्द्धनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनुपर्ने हुन्छ ।

देशको खुला सीमाका कारण गैरकानुनी रूपमा चल्ला, कुखुरा, मासु, अन्डा, क्रेट, प्याक र दाना भित्रिने कारणले गुणस्तरीय उत्पादनका लागि ठुलो चुनौती भएको हुँदा सो नियन्त्रणका लागि उचित व्यवस्था गरिनुपर्ने देखिन्छ ।

पशु क्वारेन्टाइन चेक पोस्टको सेवा अति आवश्यकीय सेवा भएको हुँदा यस सेवालाई २४ सै घण्टा खुला राख्नका लागि आवश्यक व्यवस्था गरिनुपर्ने ।

पशुपक्षीको दानाका लागि आवश्यक पर्ने प्रमुख कच्चा पदार्थहरू मकै र भटमासको अभियानमुखी उत्पादन योजना राज्यले सञ्चालन गरेको भए तापनि व्यवसायीहरूले त्यसबाट उचित लाभ पाउन सकिरहेका छैनन् तसर्थ उत्पादन करारको व्यवस्था गर्नुपर्ने ।

कुखुरापालन व्यवसाय जैविक सुरक्षाका हिसाबले अति संवेदनशील हुने र यसमा लाग्ने रोगहरू अति नै सङ्क्रमित प्रकृतिका हुने हुँदा साधान र स्रोतसम्पन्न प्रयोगशालाहरूको स्थापना उत्पादन पकेट क्षेत्रहरूमा अति आवश्यक छ । यस्ता प्रयोगशालामा रोग परीक्षण तथा निदान, उत्पादित दाना, दानाको कच्चा पदार्थ, भ्याक्सिन, औषधी आदि परीक्षण गर्ने साधान र स्रोत सम्पन्न र सेवा सरल र नियमित गराइनुपर्ने ।

यस व्यवसायलाई कृषिव्यवसाय भएर पनि अन्य कृषिसरह विद्युत् महसुलमा छुटको व्यवस्था गरिएको छैन, अन्य कृषिव्यवसाय र सिँचाइसरह पोल्ट्री क्षेत्रमा पनि विद्युत् खपतमा छुट सुविधाको व्यवस्था गर्नुपर्दछ ।

यस क्षेत्रलाई सहुलियत दरमा वित्तीय संस्थाहरूबाट सहज रूपमा लगानीको व्यवस्था गरिनुपर्ने देखिन्छ ।